puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404


# स्थानीय सरकार
# पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३


तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल


प. सं. : २०८०।०८१
सूचना नं. : ३८

मिति :२०८०।१२।२० गते
(ने. सं ११४४ चिल्लागा, ८ मङ्गलबार)

विषयः **शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सम्बन्धी सूचना** !

**श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,**

**पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम (पूर्वी भाग)।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान '' **सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता** '' भन्ने आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न विविध कार्यक्रम सहित देहाय वमोजिम गर्नुहुन अनुरोध छ।

## तपसिल

१. सबै सामुदायिक तथा संस्थागत विद्यालयले विद्यार्थी भर्ना अभियान कार्यक्रमको नेतृत्व गर्नुहुन, विद्यालयले विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्नुहुन, साथै सार्वजनिक जीवनमा रहेका व्यक्ति, कलाकार, राजनैतिक व्यक्ति, नागरिक समाज, पत्रकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, बालक्लव, विद्यालयका उच्चतम तहका विद्यार्थी, आमा समूह, शिक्षा क्षेत्रमा कार्यरत सङ्घ/सस्था आदिसँग हातेमालो गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका, सीमान्कृत समुदायका बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्नु गराउनुहुन।

२. २०८१ बैशाख पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्नुहुन र दोस्रो हप्तादेखि बैशाख मसान्त सम्म नियमित रुपमा पठनपाठनका साथै घरदैलो लगायतका कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु विद्यालयमा भर्नाको पहल लगायत विद्यालय तहका पाठ्यपुस्तक २०८० चैत १५ गतेबाट नै विक्री वितरण सुरु भइसकेको हुँदा विद्यालयले समयमै पाठ्यपुस्तक खरिद गरी नयाँ शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीलाई बैशाख महिनाको पहिलो हप्तामै पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था मिलाउनुहुन।

३. विद्यालयहरुलाई आ-आफ्नो सेवा क्षेत्र भित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल समेतका माध्यमबाट सूचना प्रवाह गरी भर्ना गर्न लगाउने व्यवस्था मिलाउने तथा अभिभावकबिहिन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाको पढाइमा निरन्तर सहयोग गर्ने व्यक्तिहरुको उचित पहिचान, सम्मान र अभिलेख राख्नने व्यवस्था मिलाने साथै बालबालिकाहरु भर्ना गर्दा जन्मदर्ताको फोटोकपी र फोटा अनिवार्य रुपमा पेस गर्न लगाई भर्ना प्रक्रिया अगाडि बढाउनुहुन।

४. सामुदायिक सिकाइ केन्द्रहरुलाई विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत सङ्कलन गर्न लगाई विद्यालयमा भर्ना गर्नका लागि समन्वय र प्रचार-प्रसार आदिमा परिचालन गर्ने व्यवस्था मिलाउने र विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी भर्ना अभियान कार्यक्रमको कार्यतालिका स्वीकृत गरी सोही अनुरुप विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन।

५. विद्यार्थी भर्ना अभियान कार्यक्रमको सम्बन्धमा आवश्यक सूचना, समन्वय र सहजीकरणका लागि सामुदायिक तथा संस्थागत विद्यालयमा एक जना शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकि जिम्मेवारी प्रदान गर्न आवश्यक व्यवस्था मिलाउनुहुन।

६. विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरण सहितको प्रतिवेदन विद्यालयले स्थानीय यहिँ मिति २०८१ बैशाख २० गते सम्म गाउँपालिकामा पेस गर्नुहुन तथा सामुदायिक तथा संस्थागत विद्यालयहरुले विद्यार्थी भर्ना अभियानको समष्टिगत प्रतिबेदन शिक्षा विकास तथा समन्वय इकाइमा समेत पठाउने व्यवस्था गर्नुहुन ।

७. सबै सामुदायिक तथा संस्थागत विद्यालयले विपन्न लक्षित छात्रवृत्ति विवरण गर्ने प्रयोजनका लागि विद्यार्थीहरुलाई PMT फाराम भर्न लगाउनुहुन।

२०८०।१२।२०

सँमिर गिरी
नि. प्रमुख प्रशाशकीय अधिकृत

समिर गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत